का.जि.प्र.का.द.नं. १००/०५९/६०

५ वैशाख २०७९,
सोमबार
18 April 2022,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक ७२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## स्थानीय चुनाव



# एमाले अभियानमा गठबन्धन बैठकमा !

नेकपा एमालेले अधिकांश स्थानीय तहमा उम्मेदवार चयन गरेर घरदैलो अभियान शुरु गरिसक्दा सत्तारुढ पाँच दलीय गठबन्धन भागबण्डाकै तानातानमा सीमित छ ।

हुम्लाको श्रीनगर र सिमकोटमा आयोजित चुनावी सभालाई सम्बोधन गर्न जाँदै केपी ओली



सत्तागठबन्धनका शीर्ष नेताहरुको बैठक प्रधानमन्त्री निवास वालुवाटारमा

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ४ वैशाख ।

स्थानीय चुनावमा मतदान हुन २५ दिन बाँकी छ । चुनावमा पाँच दलीय सत्तागठबन्धनले तालमेल गर्ने निर्णय गरेका छन् । तर, अझै महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सहित वडा तहमा भागवण्डाको कुरा मिल्न बाँकी छ । नेकपा एमाले अधिकांश स्थानीय तहमा उम्मेदवार चयन गरेर घरदैलो अभियानमा गइसक्दा पनि सत्तारुढ पाँच दलीय गठबन्धन भने भागवण्डा मिलाउनमै केन्द्रीत छ ।

महानगरको भागवण्डा मिलाउन भन्दै आइतबार बसेको सत्ता गठबन्धनका दलहरुका नेता सम्मिलित संयन्त्रको बैठक कुरा मिल्न नसकेपछि सोमबार बस्ने गरी सकियो । सरकारका प्रवक्ता समेत रहेको सञ्चारमन्त्री ज्ञानेन्द्र बहादुर कार्कीका अनुसार आइतबार कहाँ कहाँ कुन नुन दलको दाबी छ र त्यसको आधार के हो ? भन्ने प्रश्नको वरिपरि छलफल केन्द्रीत भयो । सोमबार बस्ने बैठकले कुन दलले कुन महानगरको नेतृत्व लिने भन्नेबारे निर्णय हुनेछ ।

'हामीले खडा गरेका उम्मेदवारलाई जित कसरी सुनिश्चित गराउने र  कसलाई उम्मेदवार खडा गर्ने बारेमा छलफल भयो । छलफल चलिरहेको अरु एक दिन छलफल चल्ने भयो' कार्कीले जानकारी दिए । सोमबार विहान बसेको शीर्ष तहका नेताको बैठकले पनि सोमबार महानगरको प्रमुख र उपप्रमुखको टुंगो लगाउने निर्णय गरेको थियो ।

### कसको कहाँ दाबी ?

सरकारको नेतृत्व गरिरकेको कांग्रेसले काठमाडौं, ललितपुर, र विराटनगर महानगरपालिकाको प्रमुखमा दाबी गरेको छ । भरतपुर महानगरलाई प्रतिष्ठाको विषय बनाएपनि दाबी कांग्रेसले गठबन्धनको बैठकमा दाबी गरेको छैन् । नेकपा माओवादी केन्द्रले भरतपुर, एकीकृत समाजवादीले पोखरा र जनता समाजवादी पार्टीले वीरगञ्ज महानगरपालिकामा नेतृत्व दाबी गरेका छन् ।

यस्तै, ११ उपमहानगरपालिकामध्ये काँग्रेसले ७ वटा उपमहानगरको नेतृत्व दाबी गरेको छ । जसमा बुटवल, जनकपुर, तुलसीपुर, कलैया, घोराही, धनगढी, हेटौंडा छन् । नेकपा माओवादी केन्द्रले घोराही, जितपुर सिमरा, हेटौडा र धरान उपमहानगरपालिकाको नेतृत्व दाबी गरेको छ । एकीकृत समाजवादीले तुलसीपुर, हेटौंडा र इटहरी उपमहानगरपालिका नेतृत्व दाबी गरेको छ । जसपाले नेपालगञ्ज उपमहानगरपालिकामा मात्रै दाबी गरेको छ ।

### एमाले अगाडि

सत्तारुढ गठबन्धन भागवण्डामा केन्द्रीत हुँदा नेकपा एमाले उम्मेदवार चयन गरेर घरदैलो अभियानमा गइसकेको छ । घरदैलो अभियान सँगसँगै स्थानीय रणनीति तय गर्नमा एमाले केन्द्रीत छ । यही मेसोमा साना दलहरुलाई साथमा लिने र कांग्रेस र माओवादी केन्द्रकै असन्तुष्ट समुहसँग चुनावी तालमेल गर्नमा एमाले केन्द्रीत भएको छ । पछिल्लो उदाहरण हो- तनहुँमा गोविन्दराज जोशी र एमालेबीच तालमेलको सहमति ।

जोशी एमालेका बरिष्ठ नेता रामचन्द्र पौडेलको निर्वाचन क्षेत्रका नेता हुन् । गत संघीय चुनावमा भ्रष्टाचार मुद्दा लागेका कारण उनको उम्मेदवारी रद्ध भएको थियो । उम्मेदवारी रद्ध भएपछि जोशीले पौडेललाई असहयोग – बाँकी पृष्ठ २ मा

# संसद सधैं बन्धक

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ४ वैशाख ।

१४ चैत २०७८ मा प्रतिनिधिसभाको अर्थ समितिले प्रि-बजेट छलफल गर्न दुई वटा बैठक राखेको थियो । तर, कोरम नपुगेपछि अर्थ समितिका दुवै बैठक स्थगित भए । त्यसयता अर्थ समितिको बैठक बसेको छैन् । अर्थ समितिको बैठक नबसेपछि यो बर्ष प्रि-बजेट छलफल नै रोकिन पुगेको छ ।

अर्थ समितिको बैठक नबस्नुको कारण के हो ? भन्ने प्रश्नमा अर्थ समितिका सचिव सुरेन्द्र अर्याल भन्छन्, 'माननीयहरु चुनावका लागि गाउँ जानुभएको छ । कोरम नै पुग्दैन ।'

संविधानत जेठ १५ गते बजेट ल्याउनुपर्छ । कानुनत संघीय संसदमा बजेट पेश हुनु भन्दा १५ दिन अगावै संघीय संसदमा प्रि-बजेट छलफल सकाउनुपर्छ । त्यस अगावै नीति तथा कार्यक्रम पेश गर्ने र छलफल गरेर पारित गर्ने अभ्यास छ । तर, सबै राजनीतिक दलहरु स्थानीय चुनाव केन्द्रीत हुँदा यो विषय ओझेलमा परेको छ । सरकार पनि बजेट तयारीमा भन्दा स्थानीय चुनाव केन्द्रीत भएको आभास हुन्छ ।

संघीय संसद सचिवालयका प्रवक्ता डा. रोजनाथ पाण्डे स्थानीय चुनावका कारण संघीय संसद नै प्रभावित हुन पुगेको बताउँछन् ।

'स्थानीय तहको चुनावका कारण संघीय संसद नै प्रभावित हुँदो रहेछ । माननीय नै गाउँ गएपछि संघीय संसदको काम नै रोकिने रहेछ' उनले भने । संसदीय समितिहरु दुइटा कारणले सक्रिय हुन नसकेको डा. पाण्डेको भनाई छ ।

एउटा- नेतृत्व चयन । अर्को- स्थानीय चुनाव । उनका अनुसार यसैमा जोडिन्छ संघीय संसदको अधिवेशन ।

'संघीय संसदको अधिवेशन चालू नहुँदा सांसदहरु गाउँ जान्छन् । अहिले चुनाव आएको छ गए । यही कारण कतिपय संसदीय समितिहरु नेतृत्व बीहीन छन भने नेतृत्व भएका समतिहरु पनि कोरम नपुगेर बैठकै बस्न सकिरहेका छैनन्' प्रवक्ता पाण्डेले भने ।

*'स्थानीय तहको चुनावका कारण संघीय संसद नै प्रभावित हुँदो रहेछ । माननीय नै गाउँ गएपछि संघीय संसदको काम नै रोकिने रहेछ ।'*

***डा. रोजनाथ पाण्डे***
*प्रवक्ता, संघीय संसद सचिवालय*

### बदलिएन नेतृत्व

तत्कालिन नेपाल कम्युनिस्ट पार्टी नेकपा नेकपा एमाले र माओवादी केन्द्रकै रुपमा अस्तित्वमा आएपछि संसदीय समितिको अंकगणित बदलिएको छ । अझ एमाले फुटेर नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा) फुटेर लोकतान्कि समाजवादी पार्टी – बाँकी पृष्ठ २ मा



# बंगलादेशबाट ठूलो संख्यामा कामदार नल्याउन मलेसियामा मजदुर संगठनहरूको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ वैशाख

नेपाली कामदारको प्रमुख र आकर्षक गन्तब्य रहेको मलेसियामा बिदेशी कामदारको माग खुलेसंगै बंगलादेशबाट धेरै कामदार मलेसियाबाट जाने चर्चा चलिरहेकै बेला मलेसियामा बंगलादेशका कामदार ल्याउने विषयमा मतभिन्नता देखा परेको छ । मलेसियाको ट्रेड युनियन कंग्रेस (एमटीयुसी)ले यसै महिनादेखि मलेसिया आउने अपेक्षा गरिएका ५ लाख बंगलादेशी कामदारको प्रवेशमा ढिलाइ गर्न सरकारसँग आग्रह गरेको छ ।

एमटीयुसीका  महासचिव कमरुल बहरिन मन्सोरले ठूलो संख्यामा हुने विदेशी कामदारहरूको आगमनले स्थानीय कामदारले राखेका जायज मागहरू सम्बोधनमा समस्या सिर्जना गर्ने बताएका छन् । एमटीयुसीले यसअघि सन् २०१५ मा १५ लाख कामदार भर्नाको प्रसंग चल्दा पनि स्थानीय कामदार शोषणमा पर्ने भन्दै ठूलो संख्यामा बंगलादेशी कामदार ल्याउन नहुने अडान राखेको थियो ।

मलेसियाको कतिपय क्षेत्रमा बंगलादेशी कामदार नेपाली कामदारका प्रतिस्पर्धी मानिन्छन् । मलेसियन ट्रेड युनियन कांग्रेसले ठूलो संख्यामा बंगलादेशी कामदार ल्याउन भन्दा स्थानीय मलेसियन कामदार हरूलाई तालिम दिन र तिनीहरूलाई आकर्षित गर्न तलब स्केल बढाउन सुझाव दिएको छ ।

मलेसियामा सात वर्षअघिदेखि स्थानीय कामदारलाई रोजगारीमा आकर्षित गर्ने गृहकार्य भएपनि सरकार सफल हुन सकेको छैन । मलेसियामा सवारी चालक, सुपरभाइजर, क्लर्क, आदि क्षेत्रमा विदेशी कामदार रोक्नुपर्ने आवाजलाई मजदुर संगठनहले चर्कोरूपमा उठाउने गरेका छन् । मलेसियामा गत अप्रिल पहिलो तारेखसम्ममा करीब पाँच लाख विदेशी कामदार भर्नाको माग भएको त्यहाँको मानव संशाधन मन्त्रालयले जनाएको छ ।

**वैदेशिक रोजगार विशेष**

## लोकतान्त्रिक एसोसिएसनमा दुई सय संस्थाले पठाए प्रतिनिधि

काठमाडौं/मस- नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनमा आइतबारसम्म करिब दुई सय संस्थाले प्रतिनिधि पठाएका छन् । एसोसिएसनले सोमबार साँझ पाँच बजेसम्म सदस्यता नवीकरण गर्ने समय रहेको बताएको छ ।

समयमै साधारणसभामा भाग लिन आधिकारिक प्रतिनिधिसहित आफनो संस्थाको नवीकरण गराउनुपर्ने एसोसिएसनले बताएको छ । एसोसिएसनको साधारणसभा वैशाख ७ गते आयोजना गरिएको छ ।

सोमबार पाँच बजेसम्म संस्था नवीकरण गरी प्रतिनिधि नपठाए मतदाता नामावलीमा संस्था र प्रतिनिधिको नाम प्रकाशन गर्न नसकिने एसोसिएसनका महासचिव भवानी निरौलाले मध्यान्हलाई बताए । हाल ८ सय ६० वैदेशिक रोजगार व्यवसाय कम्पनी रहेका छन् । एसोसिएसनले अघिल्ला – बाँकी पृष्ठ २ मा

## पल शाह प्रकरण:



# पीडित नाबालिगले बयान फेरिन्

अभिनेता पल शाह (पूर्णविक्रम शाह) जोडिएको बलात्कार घटनामा ट्वीस्ट आएको छ । पीडित भनिएकी नाबालिग गायिका बयान फेरेपछि यो मुद्दा अब कसरी अगाडि बढ्छ ? भन्ने प्रश्न उब्जिएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ४ वैशाख ।

अभिनेता पल शाह (पूर्णविक्रम शाह) जोडिएको बलात्कार मुद्दाको बकपत्र गर्ने क्रममा पीडित पक्षले बयान फेरेका छन् । जिल्ला अदालत तनहुँमा आइतबार बकपत्र गराउँदा पीडित भनिएकी नाबालिग गायिका र उनका बाबुले समेत बयान फेरेका हुन् ।

पीडित गायिकाका बाबुले समेत बकपत्र गराउँदा बलात्कार घटना नभएको भन्दै बयान फेरेपछि यो मुद्दा अब कसरी अगाडि बढ्छ ? भन्ने प्रश्न उब्जिएको छ । पीडित पक्षले नै बयान फेरेपछि यो घटनाले नयाँ मोड लिएको हो । उनीहरुले बयान फेर्नुमा होस्टाइल भएको हुनसक्ने आशंका पनि गरिएको छ ।

नाबालिग गायिकालाई बलात्कार गरेको आरोपमा पक्राउ पूर्जी जारी भएपछि गत फागुन १५ गते प्रहरीसमक्ष आत्मसमर्पण गर्दै शाह जिल्ला प्रहरी कार्यालय, तनहुँमा उपस्थित भएका थिए । तनहुँमा बलात्कार कसुरमा अनुसन्धान भइरहेका बेला नवलपरासी पूर्वमा समेत शाहले बलात्कार गरेको भन्दै जाहेरी परेको थियो ।

१६ वर्षभन्दा कम उमेरकी नाबालिगलाई – बाँकी पृष्ठ २ मा

**Vacancy Announcement**

A Reputed Travel and Tours Company based in Kathmandu is seeking applications from deserved applicants for the following position

- RESERVATION MANAGER - 3 (M/F)
- TICKETING OFFICER - 3 (M/F)
- ADMIN AND MANAGER - 3 (M/F)
- TOUR OFFICER - 3 (M/F)

Salary:- 35,000 to 50,000 (Minimum)

Note- Fluent in English Reading & Writing with computer knowledge.

RASBITA INTERNATIONAL TRAVELS & TOURS PVT. LTD.
Battisputali Road, gaushala, Kathamandu, Nepal
Tel: 01-4485227, Email: rasbitatravels@gmail.com/rasbitatravel@gmail.com
Website: rasbitainternatinalgroup.com, Mobile: 9802031512

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
५ वैशाख २०७९, सोमबार
18 April 2022, Monday

**एमाले...**

गरेका थिए । सोही कारण उनी पार्टीबाट निष्कासनमा परेका छन् । यो पटक उनले छोरा दिपकराजलाई ब्यास नगरपालिकाको मेयर बनाउन चाहेका थिए । तर, छोराको नाम मेयरका लागि सिफारिसमै नपरेपछि जोशीले एमालेसँग तनहुँजिल्लाभर एमालेसँग तालमेल गर्ने सहमति गरेका हुन् ।

एमालेले काठमाडौंकै मेयरको उम्मेदवार चयन गर्न भने बाँकी छ । मेयरका लागि हालका मेयर विद्यासुन्दर शाक्यसहित केशव स्थापित, रामवीर मानन्धर, निर्मल देउला र इन्दिरा पन्तको नाम सिफारिसमा परेको छ । भरतपुर महानगरपालिकाको मेयरको भने एमालेले विजय सुवेदीलाई उम्मेदवार नेता बनाउने निर्णय गरिसकेको छ ।

एमालेले पोखरा महानगरपालिको मेयरका लागि पुष्पज्योति ढुंगाना, दीपक पौडेल र मीनाकुमार गुरुङको नाम सिफारिस गरेको छ । तीन जनामध्ये ए जनाको नाम केन्द्रले टुंगो लगाउनेछ । विराटनगर महानगरपालिकाको मेयरमा एमालेले विनोद ढकाललाई उम्मेदवार बनाएको छ । वीरगन्ज महानगरपालिकाको मेयरमा एमालेले विजय सरावगीलाई उम्मेदवार बनाएको छ ।

एमालेलेबाट ललितपुर महानगरपालिकाको मेयरमा हरिकृष्ण व्यञ्जनकारको नाम मात्रै सिफारिस भएको छ । उनी घरदैदैलो अभियानमा जुटिसके । उपमहानगर र नगरपालिका तथा गाउँपालिकामा पनि उम्मेदवार चयन गरेर एमाले चुनाव जित्ने केन्द्रीय रणनीति तय गर्नमा केन्द्रीत भएको छ । यसका लागि एमालेले सोमबार सचिवालय बैठक बोलाएको छ । सोमबार साँझ ६ बजे सचिवालय बैठकमा आसन्न स्थानीय तहको चुनावको विषयमा छलफल हुनेछ ।

एमाले प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङका अनुसार सचिवालय बैठक अगाडि केन्द्रीय कार्यालयको बैठक बस्ने छ । केन्द्रीय कार्यालय बैठक सोमबार बिहान ११ बजेलाई बोलाइएको छ । स्थानीय चुनाव केन्द्रीत एजेण्डाहरुमाथि छलफल गर्न बैठक बोलाइएको प्रमुख गुरुङले जानकारी दिए ।

**संसद...**

बनेपछि संघीय संसदमा दलीय हैसियत ब्यापक हेरफेर भएको छ ।

दलीय उपस्थितिका आधारमा संसदीय समितिमा हुने उपस्थिति र नेतृत्वको हेरफेरको प्रयास पनि रोकिएको छ । संघीय संसद सचिवालयका प्रवक्ता डा. पाण्डेका अनुसार दलहरुको सांसद संख्याको आधारमा समितिमा दलहरुले पाउने उपस्थिति (सांसद संख्या)को अंकगणित संसद् सचिवालयले तय गरिसकेको छ । तर, दलहरुले नै पहल नगरेपछि हेरफेरको प्रयास रोकिएको हो ।

'समिति पुनर्गठनका लागि गृहकार्य भएको थियो । तर, पछिल्ले समय दलहरुकै चासोमा परेको देखिएन' पाण्डेले भने ।

**पल शाह...**

बलात्कार गरेको पाइएको भन्दै शाहलाई १२ देखि १४ वर्षसम्म जेल माग दाबी गर्दै दुबै अदालत (तनुहँ र नवलपुर)मा मुद्दा दायर भएको छ । दुबै अदालतले शाहलाई पुर्पक्षका लागि कारागार पठाउने आदेश दिएका थिए । हाल उनी तनहुँ कारागारमा छन् ।

कानून व्यावसायीहरुका अनुसार पीडित नाबालिकाले जाहेरीमा उल्लेखित विवरणहरु उक्साहटमा लेखिएको भनेर बयान फेरेकी हुन् । तर, यसअघि सरकारी वकिलको रोहवरमा पीडित नाबालिकाले प्रहरीसँग दिएको बयानमा 'मध्यराति पल शाहले विवाह गर्ने झुठो आशमा हुँदैन भन्दाभन्दै जबरजस्ती गरेको' थिए' वयान दिएकी थिइन् । अदालतमा बकपत्रको क्रममा भने बयान फेरेकी हुन् ।

**अडियो रेकर्डको विश्लेषण**

तर, प्हरीले प्राप्त अडियोहरुको पनि विश्लेषण गरेको थियो । जहाँ

पल शाहले 'ब्वाइफ्रेण्ड गर्लफ्रेण्डबीच सम्बन्ध हुनु नर्मल हो, प्रेगनेन्ट भएको खण्डमा मात्रस्वीकार गर्ने कुरा आउँछ' भनिएको छ । यसलाई प्रमाणका रुपमा लिइएको छ ।

आइतबार पीडितको बकपत्र भएको छ । अधिवक्ता मोहना अन्सारी नाबालिग गायिको फेरिएको बयानलाई अन्तिम सत्य मान्नु नहुने बताउँछिन् ।

पीडितको मनोवैज्ञानिक पक्षसँग खेलबाड गरेर वा विभिन्न सपना देखाएर होस्टाइल बनाउने प्रयास हुने कुरालाई अदालतले पनि विचार पुऱ्याउने उनको विश्वास छ ।

पीडितको स्वास्थ्य परीक्षण रिपोर्टले पनि उनी करणीमा परेको पुष्टि हुने, अडियो रेकर्डको विश्लेषणाले करणी भएको पुष्टि हुने देखिएको विषयलाई अदालतले ख्याल गरेर फैसला दिन सक्ने भन्दै उनी बयान फेरिँदैमा मुद्दामा असर नपर्ने दाबी गर्छिन् ।

**लोकतान्त्रिक....**

साधारणसभामा साढे तीन सयको हाराहारीमा साधारणसभा प्रतिनिधि दर्ता भएको भन्दै यसपटक पनि सोही हाराहारीमा प्रतिनिधित्व हुने बताएको छ ।

साधारणसभाको मिति नजिक आउँदा अध्यक्षका दुई आकांक्षी तारानाथ अर्याल र ऋषि शर्मा प्यानल बनाएर आन्तरिक प्रतिस्पर्धा गर्ने योजनामा लागेका छन् । यस्तै अर्का व्यवसायी राजकुमार कार्कीले रनि आफ्नु उक्त संस्थाको परिकल्पनाकार रहेको र सिनिएर पनि रहेको भन्दै अध्यक्ष पदमा आफ्नो दावी रहेको मध्यान्हलाई बताएका छन् । आफ्नो प्यानलको नाम गोप्य राखेका उनीहरूले अर्को पक्षले प्यानल बनाएको कारणले आफ्नोतर्फबाट पनि बाध्यतावश प्यानल बनाउनु परेको दाबी गर्ने गरेका छन् ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मितिः २०७९/०१/०५**

यस कार्यालयमा मिति २०६७/०२/०७ मा दर्ता भएको दर्ता नं. ७३००० को **एन्सियन्ट थाई स्पा एण्ड ब्युटी क्लब प्रा.लि** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०१/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Provincial Government**
**Sudurpaschim Province**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

# Infrastructure Development Office

**Dadeldhura**

## Invitation for Bids

**First Date of Publication: 18 April, 2022 (2079/01/05)**

1. Infrastructure Development Office, Dadeldhurainvites electronic bids from eligible bidders for the Contracts given in the following table under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
2. The details of the Project are as following.

| SN | Contract ID No | Project Name | Minimum Work Experience of Similar Size & Nature — Single Entity or All Partners Combined in case of JV | Bid Document Fee, NRs | Average Annual Constrution Turnover (AACT), NRs | Bid Security, NRs |
|---|---|---|---|---|---|---|
| 1 | IDO/DDL/RMBTB/W/NCB/26/2078/079 | Daijee-Lipna-Jogabuda-Chirkitte-Ghatal-Pokhara-Belapur-Dhungad-Bajhang (Pokhara-Belapur Section) Road | Participation as Prime contractor, management contractor, or subcontractor, in at least One (1) Contract with in the last five (5) years, with a value of at least NRs 8,79,00,000 that have been successfully or are substantially completed and that are similar to the proposed works. | 10,000.00 | 8,99,00,000.00 | 32,93,000.00 |
| 2 | IDO/DDL/RMBTB/W/NCB/27/2078/079 | Sahajpur-Bogtan-Dipayal Road (Wayal-Gaguda-Tudagad Section) | Participation as Prime contractor, management contractor, or subcontractor, in at least One (1) Contract with in the last five (5) years, with a value of at least NRs 17,58,00,000 that have been successfully or are substantially completed and that are similar to the proposed works.. | 20,000.00 | 14,65,00,000.00 | 65,92,000.00 |
| 3 | IDO/DDL/RMBTB/W/NCB/28/2078/079 | Rajpur-Phaledi-Dhirkamandu Road | Participation as Prime contractor, management contractor, or subcontractor, in at least One (1) Contract with in the last five (5) years, with a value of at least NRs 5,87,00,000 that have been successfully or are substantially completed and that are similar to the proposed works.. | 5,000.00 | 7,77,00,000.00 | 21,99,000.00 |
| 4 | IDO/DDL/RMBTB/W/NCB/29/2078/079 | JorayalKhola Road Bridge (along Budar-Jorayal-Gadsera Road) | Participation as Prime contractor, management contractor, or subcontractor, in at least One (1) Contract with in the last five (5) years, with a value of at least NRs 3,44,00,000 that have been successfully or are substantially completed and that are similar to the proposed works.. | 5,000.00 | 4,30,00,000.00 | 12,88,000.00 |
| 5 | IDO/DDL/RMBTB/W/NCB/30/2078/079 | Tudagad Road Bridge (along Sahajpur-Bogtan-Dipayal Road) | Participation as Prime contractor, management contractor, or subcontractor, in at least One (1) Contract with in the last five (5) years, with a value of at least NRs 3,52,00,000 that have been successfully or are substantially completed and that are similar to the proposed works.. | 5,000.00 | 4,39,00,000.00 | 13,16,000.00 |

* Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years.

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documentsat the PPMOwebsite www.bolpatra.gov.np/egp.

**IDO Chief,**
**Dadeldhura**

# कोहलपुरमा एमालेद्वारा १२ वडामा सर्वसम्मत उम्मेद्वार छनोट

**गणेश रावत/मध्यान्ह**
कोहलपुर, ४ वैशाख




नेकपा एमालेले कोहलपुर नगरपालिकाको १५ वडामध्ये १२ वटा वडामा उम्मेद्वारको टुंगो लगाएको छ । वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि वडा कमिटीले सर्वसम्मत रुपमा उम्मेद्वारको छनौट गरेको एमाले कोहलपुर नगर कमिटीले जनाएको छ ।

नगर कमिटीका अनुसार वडा कमिटीले सर्वसम्मत रुपमा उम्मेद्वार छनोट गरी माथिल्लो कमिटीमा सिफारिस गरिसकेको छ। वडाध्यक्षको लागि वडा नम्बर १ बाट रुद्र खनाल, वडा नम्बर ३ बाट माधव रिजाल, वडा नम्बर ४ बाट सफि मोहम्मद गुजर, वडा नम्बर ५ बाट दिपेन्द्र श्रेष्ठ र वडा नम्बर ६ बाट परदेशी थारु सर्वसम्मत रुपमा छनोट भएका छन्। त्यसैगरी वडा नम्बर ७ बाट ठग्गा थारु, वडा नम्बर ९ बाट नन्दराम थारु, वडा नम्बर १० बाट हेमकुमार रावत, वडा नम्बर १२ बाट टेकबहादुर शाही, वडा नम्बर १३ बाट रुपसिंह डाँगी, वडा नम्बर १४ बाट ज्ञानेन्द्र थापा र वडा नम्बर १५ बाट मोहन थारु वडाध्यक्षको उम्मेदवारको लागि छनोट भएका छन् । वडा २, ८ र ११ मा अध्यक्षका आकांक्षीहरु धेरै भएकोले सर्वसम्मत रुपमा उम्मेद्वार छनोट गर्न कठिन परेको छ ।

चुनावी तालमेलबारे सहमति खोज्न बसेको सत्तारुढ दलहरुको बैठकहरु सहमति विनै टुंगिएको छ । नेपाली कांग्रेस, माओबादी केन्द्र, नेकपा एकीकृत समाजबादी, जनमोर्चाबीचमा जिल्लास्तरमा सहमति हुन नसकेपछि तल्लो कमिटीलाई अधिकार दिइएको छ ।

नेपाली कांग्रेसले नेपालगञ्ज, कोहलपुर, राप्तीसोनारीको नेतत्व दाबी गरेको छ । माओवादी केन्द्रले पनि नेपालगञ्ज, कोहलपुर, राप्तीसोनारीको मेयर दाबी गरेको छ।

## शिक्षा र स्वास्थ्यमा नमूना काम गरेर देखाउँछुः मन्त्री बोहरा

**दिपक राज भट्ट/मध्यान्ह**
डडेल्धुरा, ४ वैशाख

सुदूरपश्चिम प्रदेश सरकारका नवनियुक्त समाजिक विकास मन्त्री गोविन्दराज बोहराले शिक्षा र स्वास्थ्यका क्षेत्रमा नमूना काम गरेर देखाउने बताएका छन् । मन्त्री नियुक्त भएपछि आइतबार पहिलो पटक गृह जिल्ला डडेल्धुरा पुगेका मन्त्री बोहराले प्रदेशका सबै जिललामा शिक्षा र स्वास्थ्यमा नमूना काम गरेर देखाउने बताए

लक्षित समुदायलाई निःशुल्क स्वास्थ्य बीमा, प्रदेशका कुनै पनि व्यक्तिले औषधी नपाएर वा आर्थिक अवस्थामा उपचारबाट बञ्चित हुनुपर्ने बाध्यता हटाउने उनको भनाइ थियो । कांग्रेस हरेक क्षेत्रमा बलियो रहेको बताउँदै तल्लो कमिटीले निर्णय गर्नुपर्ने विषय चाँडै टुंगो लगाउन निर्देशन दिए। डडेल्धुराका सात वटै स्थानीय तहमा पार्टीको सूचांक बलियो देखिएको र त्यही अनुसार एकमत भएर लागे सबै स्थानमा आफ्नो पार्टीले जित्ने उनको विश्वास थियो ।

## प्रकोपमा आयोगको चासो

**नविन अंकुर/मध्यान्ह**
मनाङ, ४ वैशाख

राष्ट्रिय योजना आयोगले विगतमा बाढीपहिराले भौतिक संरचनाको पुनःनिर्माणका प्रयासको जानकारी लिएको छ। राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्व पौडेल र गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा.रघुराज काफ्लेसहितको टोलीले हिमाली जिल्ला मनाङको विकासको अवस्था, चुनौती र सम्भावनाका सम्बन्धमा अन्तरक्रियासहित जानकारी लिएको छ । मनाङको वर्षायाम सुरु हुन लागेकाले यस क्षेत्रको विकासका अवस्था, चुनौतीको स्थलगत अवलोकन गरिएको आयोगले जनाएको छ । आयोगका उपाध्यक्ष पौडेल र गण्डकी उपाध्यक्ष काफ्लेले तीन दिन यस क्षेत्रका अवस्थाका बारेमा जानकारी लिएका प्रमुख जिल्ला अधिकारी आचार्यले बताए ।


## शिव सताक्षी नगरपालिका
## नगरपालिकाको कार्यालय

व्याङ्डाडा, झापा

### वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०७९/१/०५ गते**

यस कार्यालयबाट ठेक्का नं. SM/NCB/10/2078/079 Construction of Ward No 9 Office Building, Shivasataksi Mun -9 वोलपत्र सम्बन्धमा सूचना प्रकाशित भएकोमा E-bidding मार्फत पेश भएका वोलपत्रहरु मध्ये यस कार्यालयको निर्णयानुसार देहाय वमोजिमको वोलपत्रदाताको वोलपत्र सारभूतरुपमा प्रभावग्राही ठहर भई स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिकखरिद ऐन, २०६३ ( पहिलो संशोधन २०७३) को दफा २७ को उप दफा (२)र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सबै वोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्कानं. | विवरण | वोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक रु भ्याट समेत |
|---|---|---|---|
| SM/NCB/10/ 2078/079 | Construction of Ward No 9 Office Building, Shivasataksi Mun -9 | Shiva Bhakta Nirman Sewa, Shivasataksi Mun | रु 12952635.11 |



## Karnali Province Sports Development Council

Birendranagar,Surkhet

### Invitation for Bids

FB No: 03-078/079
Date of First Publication: 2079/01/05 (18 April, 2022)

1.Karnali Province Sports Development Council, Birendranagar, Surkhet invites Open Competitive Bidding from the eligible bidders for the construction works given in table below under National Competitive Bidding Procedures.

| SN. | Contraction Identification No./ Description of Work | Average annual Construction Turnover of best 3 years within the last 10 years (Nrs.) | Bid Security Amount (NRs.) | Bid validity/ Bid Security Period/ Price of Bid Document (NRs.) |
|---|---|---|---|---|
| 1 | (KPSDC/SKT/W/NCB/03/078-079), Construction of Chaurjhari Regional Stadium Infrastructure (Cricket),Chaurjhari, Rukum West | 3,20,00,000.00 | 9,45,000.00 | 90days/120 days from Bid Opening date /5000.00 |

2. Information to deposit the cost of bidding document and bid security in bank are as follow respectively:
   Name of the Bank: **Rastriya Banijya Bank** — Revenue Account Number: **1000200010000**
   Name of Office: **Karnali Province Sports Development Council Birendranagar, Surkhet** — Rajaswo Shirshak (revenue) Number: **14229**
   Security Account Number: **4080502000000**
   Office Code Number: **3500068056**
3. Eligible Bidders may refer complete set of Bid document for further information at the Karnali Province Sports Development Council, Birendranagar, Surkhet Telephone No: 9858077679 or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp
4. Bidder shall have the option of submitting their bids electronically only. Submission of Hard copy bids shall not be entertained.
5. Electronic bids must be submitted to the Karnali Province Sports Development Council, Birendranagar, Surkhet electronically through PPMO website http://www.bolpatra.gov.np/egp **on or before 12:00 hrs on** *2079/02/04(18 May,2022)* Bids received after this deadline will be rejected.
6. The bids will be opened electronically at *13:00 hours* on *2079/02/04(18 May,2022* in the presence of the bidders' representatives who choose to attend in Karnali Province Sports Development Council, Birendranagar, Surkhet.

7.. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations, 2064 (including amendment) and other prevailing rules and regulations of GoN.

*Member Secretary*






## HOSPITALITY & HOTEL MANAGEMENT COURSES

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इन्स्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्फनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगरौं ।

Hotel Training
Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free
Jobs.

तालिमपछि रोजगारको ग्यारेन्टी

VICTORIA INTERNATIONAL

**VICTORIA INTERNATIONAL HOTEL TRAINING & INSTITUTE PVT. LTD.**
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130


# कृष्णनगरको प्राथमिकतामा शिक्षा क्षेत्र

**अजय मिश्र/मध्याह्न**
कपिलवस्तु, ४ वैशाख

कपिलवस्तुको कृष्णनगर नगरपालिकाले शिक्षा क्षेत्रमा सबैभन्दा धेरै लगानी गरेको छ। नगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ मा शिक्षा क्षेत्रमा भौतिक निर्माण लगायतको शिक्षाँग सम्बंधित क्षेत्रमा अत्याधिक लगानी गरेको योजना शाखाले जनाएको छ। कृष्णनगर नगरपालिका नगरप्रमुख रजत प्रताप शाहले शिक्षा क्षेत्रको विकासमा विद्यालय पुर्वाधार निर्माणलगायत विशेष योजना बनाएर अगाडि बढेको बताए । विकासका हरेक सम्भावना पहिचान गरि नगरलाई व्यवस्थित बनाउन आफू सधै तत्पर रहेको नगरप्रमुख शाहको भनाइ छ । नगरपालिकाले अहिले स्थानीय पाठ्यक्रम बनाउने तयारी गरिरहेको नगरपालिका शिक्षा शाखा प्रमुख बलराम पन्थीले बताए।


## विर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

विर्तामोड, झापा
प्रदेश नं.१, नेपाल

**नयाँ वर्ष २०७९ सालको उपलक्ष्यमा आम नगरबासी, आमा–बुवा, दाजु–भाई, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु–स्वास्थ्य, उन्नत्ति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । साथै रुपनी गाउँपालिकाद्वारा गाउँबासीहरुलाई उपभोक्ता हित संरक्षणमा जारी सूचना**

### स्वास्थ्य सम्बन्धी नगरपालिका बासीहरुमा सचेतना



**१) गर्मीयाममा अपनानुपर्ने कुराहरु**
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्या ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।

**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु ।**
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ/खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन/आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४/६/८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔं ।

**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको विगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नाङ्गो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

**४) झाडापखलाबाट बच्न निम्न उपायहरु अपनाऔं ।**
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
ङ) आफ्नो घर, आँगन सफा राखौं ।



## Kuwait को प्रतिष्ठित कम्पनीमा रोजगारको अवसर

१. कम्पनीः **REBORN ACADEMY EARLY LEARNING NURSERY , Kuwait**
पूर्व स्वीकृत मितिः २०७९/०१/०४ चलानी नं.: ६०१७८००१ **LT. No.: 261787**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | car washer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 110 | ४३,८०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 10 | 0 | | 170 | ६७,७०२ | | | | | | | |
| 3. | Gardner | 2 | 0 | | 110 | ४३,८०७ | | | | | | | |
| 4. | House Keeper | 5 | 10 | | 130 | ५१,७७२ | | | | | | | |
| 5. | Security Guard | 10 | 0 | | 125 | ४९,७८१ | | | | | | | |

**प्रि- अन्तर्वार्ता धमाधम भै रहेको छ । फाईनल अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ वैशाख १२, १३, १४ र १५ गते (25, 26, 27 & 28 April 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**NEPAL INTERNATIONAL OVERSEAS PVT. LTD.** Govt Lic. NO. 632/063/064
Samakhushi chowk -3- jaldhara Marga, Kathmandu, Nepal
Tel : 01-5901301, 5906301 | Mob: 9801821163, 9801821164, 9801821165, 9818422157, 9803877782
Email: niopl2017@gmail.com / info@niopl.com URL: www.niopl.com



## हार्दिक श्रद्धाञ्जली

जन्मः
वि.सं. २०१२/१०/१२



स्वर्गारोहणः
वि.सं. २०७८/१२/२४

**स्व. हरिप्रिया खनाल**

हाम्रो साथी सुधा मेडिकलको सञ्चालक मदन खनालको ममतामयी आमाको

**हरिप्रिया खनालको**

असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौ । साथै, यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्तिको कामना गर्दै समस्त परिवारजनप्रति गहीरो समवेदना प्रकट गर्दछौं ।

**शेर्मन ग्लोवल म्यान्जमेन्ट कन्सल्टेन्टस प्रा.लि**
**(साविकः सुर्खेत ओभरसिज प्रा.लि.)**
**परिवार**
सिनामंगल-९, काठमाडौं । फोनः ०१४४७३७०५, ४४९४४५७

मध्यान्ह
www.madhyanhadaily.com



## सम्पादकीय

# सरकारको खोजी

नियमित चुनाव सार्ने योजनाबाट सरकार चर्को दबावका पछि हट्यो । प्रधानमन्त्री शेरबहादुर देउवाले स्थानीय पछि धकेल्ने योजनामा थिए । तर आगामी ६ जेठभित्र नयाँ जनप्रतिनिधि आइसक्नुपर्ने संवैधानिक व्यवस्था छल्न नमिल्ने दबावपछि सरकार ३० वैशाखमा चुनाव घोषणा गर्न बाध्य भयो । देशभर एकैपटक स्थानीय चुनाव गर्ने निर्णयपछि मुलुक ध्यान ३० वैशाखको नतिजातिर तानिएको छ । सरकार, निर्वाचन आयोग र राजनीतिक दलहरू चुनावी तयारीमा छ । गठबन्धनका आधारमा चुनावी प्रतिश्पर्धा हुने भएकाले केही समय यता प्रधानमन्त्री देउवा लगातार छलफलमा छन् । विपक्षी दल नेकपा एमालेविरूद्ध चुनावी मोर्चा बनाउन प्रधानमन्त्री निवास बालुवाटारमा लगातार सत्ता गठबन्धनको बैठक चल्ने गरेको छ । तर गठबन्धनबीच तालमेलमा सहमति जुट्न सकेको छैन ।

सार्वजनिक सूचनाका आधारमा भन्ने हो भने प्रधानमन्त्री देउवाको ध्यान अहिले सत्ता जोगाउन गठबन्धनका दलहरू मनाउने भन्दा अर्थोक देखिन्न । कतिसम्म भने प्रधानमन्त्री बनेको नौ महिनासम्म देउवालाई मन्त्रिपरिषदलाई समेत पूर्णता दिन सकेका छैनन् । २५ सदस्यीय मन्त्रिपरिषदको वैधानिक व्यवस्था छ । तर अहिले पनि रक्षा मन्त्रालय प्रधानमन्त्री देउवा आफैले चलाइरहेका छन् । त्यसअघि उद्योग मन्त्रालय रिक्त थियो । प्रधानमन्त्री नियुक्त भएको ८८ दिनसम्म देउवाले ५ सदस्यीय मन्त्रिपरिषदले सरकार चलाएका थिए । त्यस यता पनि प्रधानमन्त्री देउवा अनेक राजनीतिक संकटमा फस्दै आएका छन्, सेवा प्रवाहतिर आवश्यक ध्यान गएको देखिन्न ।

जबकी नागरिकलाई चाहिएको सुविधा हो, सरकारको अनुभूति हो । तर बितेको दुई वर्ष यता जनताका आधारभूत समस्यामा सरकारको ध्यान नजाने प्रवृत्तिलाई प्रधानमन्त्री देउवाले समेत निरन्तरता दिएका छन् । मुलुकको अर्थव्यवस्था संकटमा परेको छ । तर राजनीतिक स्वार्थकै कारण प्रधानमन्त्री देउवा भने गभर्नर हटाउने जस्ता अनावश्यक झमेलमा अल्झिएका छन् । त्यसअघि कहिले प्रधानन्यायाधीशलाई कोटामा मन्त्री दिने, अनि फेरि तिनै प्रन्यालाई महाअभियोग लगाउने खेलमा अल्मलिएका छन् । प्रतिनिधिसभा राम्ररी नचलेको तीन वर्ष हुन लाग्यो । यसपटक पनि चुनावकै कारण संसदले बजेटमाथि समेत आवश्यक काम गर्न सक्ने अवस्था छैन । अघिल्लो सरकारले अध्यादेशबाट बजेट ल्याएको थियो । यसपटक पनि पर्याप्त छलफल हुने अवस्था देखिन्न । नागरिक समस्याबारे जनप्रतिनिधिहरू छलफल गर्ने बातावरण बनाउन विपक्षी दलसँग सार्थक सम्वाद हुन सकेको छैन । एमालेले पनि गैरजिम्मेवार तरिकाले निरन्तर संसद् अवरोध गर्दै आएको छ । अर्थात् सत्ताको तानातानी र स्वार्थमा नागरिकले भने सत्ताकै अनुभूति गर्न पाएका छैनन् ।

# निर्वाचन र संसदवादी शक्ति

*पाँच दलको चुनावी घोषणापत्र र चुनाव परिचालन समिति अलग-अलग भएका कारण उनीहरूकै बीचमा चुनावी मैदानमा भिडन्त हुनसक्ने सम्भावनाहरू पनि प्रबल रहेका छन् । घोषणापत्रहरूमा दलहरूले एकअर्काको आलोचनासमेत गर्न नपाउने अवस्था छ ।*

अग्रलेख



● डा. केशव देवकोटा

संसदवादी राजनीति यतिबेला बाहिरबाट हेर्दा तीन ध्रुवमा र खासरूपमा दुई ध्रुवमा विभाजित देखिएको छ । त्यो भनेको आगामी निर्वाचनमा भाग लिने र नलिनेका बीचमा विभाजन हो । चुनावमा भाग लिनेहरू विभिन्न प्रलोभन दिँदै मतदातालाई आफ्नो पक्षमा पार्ने प्रयास गरिरहेका छन् भने संसदीय निर्वाचनको विपक्षमा रहेकाहरूले सकेसम्म वर्तमान संसदीय व्यवस्था र सो व्यवस्थाका सञ्चालकहरूको दुर्गुणको व्याख्या र विश्लेषण गर्दै जनतालाई सकेसम्म मतदान नगर्न र गरेको खण्डमा पनि तुलनात्मकरूपमा देशभक्त र जनपक्षीय उम्मेदवारलाई मतदान गर्न सुझाइरहेका छन् । चुनावमा भाग लिनेहरूका बीचमा पनि मुख्यरूपले दुई पक्षहरू रहेका छन् । नेपाली कांग्रेस नेतृत्वको पाँच दलीय गठबन्धन र एमाले । संसदीय चुनावमा भाग लिने अन्य साना पार्टीहरू रहे पनि उनीहरूको चुनावी चहल-पहल खासैरूपमा बाहिर आउन सकेको छैन । त्यस्ता चुनावमा भाग लिने साना पार्टीहरूमा पनि वामपन्थी र गैरवामपन्थी दलहरू रहेका छन् । वास्तवमा सत्ता गठबन्धन र एमाले दुवै खेमा दक्षिणपन्थी संसदीय विचारधाराबाट प्रेरित रहेको देखिएको छ । तर, घटनाक्रमहरूले एमालेलाई सत्तारूढ पाँच दलीय गठबन्धनको तुलनामा प्रगतिशील खेमामा राखेको छ । स्वदेशी राजनीतिका हिसाबले एमाले राष्ट्रवादी र देशभक्त शक्तिहरूको नजिक रहेको देखिन्छ । अन्तर्राष्ट्रियरूपमा हेर्दा नेपाली कांग्रेस नेतृत्वको पाँच दलीय गठबन्धन र एमाले दुवै इण्डो अमेरिकी लबीमा रहेको स्पष्ट छ । यो निर्वाचनमा पाँच दलीय गठबन्धनले जिते पनि एमालेले जिते पनि इण्डो अमेरिकन लबी अर्थात् एमसीसी पक्षधर हरूको जीत हुने देखिएको छ ।

पाँच दलीय गठबन्धनले आफ्नो चुनावी मोर्चाको नेतृत्वमा समेत नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेललाई चयन गरेको छ । उनीहरूले केन्द्रीय स्तरमा पाँच दलीय गठबन्धन बनाएर चुनावी तालमेलको घोषणा गरे पनि नेपाली कांग्रेसले स्थानीय स्तरमा मात्र चुनावी तालमेल हुनसक्ने/गर्नुपर्ने नीति बनाएका कारणले माओवादी केन्द्र र एकीकृत समाजवादीजस्ता पार्टीहरूलाई आगामी स्थानीय निर्वाचन फलामको च्युरा चपाए सरह हुने भएको छ । केन्द्रमा जतिसुकै गठबन्धन गरे पनि स्थानीय तहमा तालमेल गर्न/गराउन निक्कै कठीन पर्ने देखिएको छ । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले अथक प्रयास गरी एमालेलाई विभाजन गराएपछि एकीकृत समाजवादीको गठन भएको हो । तर, निर्वाचन आयोगबाट पार्टीगत मान्यता पाउनासाथ सो समूहले माओवादी केन्द्रसँग पार्टी एकता नगर्ने घोषणा गरेको थियो भने हालसम्म पनि चुनावी तालमेल/सहकार्य गर्ने घोषणा गरेको छैन । अब पाँच दलीय गठबन्धनले त्यसमा रहेका घटकहरूलाई अरूसँग तालमेल गर्न नपाउने भनेका कारण माओवादी केन्द्र र एकीकृत समाजवादीका बीचमा छुट्टै चुनावी तालमेल हुने कुनै सम्भावना छैन । जसको मुख्य कारण दुबै समूहको लगाव नेपाली कांग्रेसतिर भएकाले नै हो । किनकि कम्युनिष्ट पार्टीको नाम लिए पनि यथार्थमा उनीहरू विचार शून्य नाम मात्रका कम्युनिष्ट पार्टी हुन् ।

राजनीतिका हिसाबले पनि माओवादी केन्द्र र एकीकृत समाजवादीभन्दा नेपाली कांग्रेस आफ्नो ठाउँमा स्पष्ट रहेको देखिएको छ । एमसीसी प्रकरणमा पाँच दलीय गठबन्धन परित्याग गरेको तर, नेका नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता नलिएको बताउँदै आएको राष्ट्रिय जनमोर्चा यतिबेला फेरि पाँच दलीय गठबन्धनकै सुरक्षा छाताभित्र पुगेको छ । पाँच दलीय गठबन्धनका कतिपय बैठकहरूमा राजमोका प्रतिनिधि पनि देखिन थालेका छन् । तर, गठबन्धनभित्र राजमोले खासै महत्व र मान्यता पाएको देखिएको छैन । कतिपय बैठकहरूमा समेत नेका र माओवादी केन्द्रले राजमोका प्रतिनिधिलाई नबोलाउने र सामेल नगराउने गरेको देखिएको छ । तर, पनि राजमोको नेका नेतृत्वको वर्तमान सरकारसँगको लम्पसारवादी नीतिले गर्दा उसलाई पनि केही स्थानमा सहभागी गराउने सम्भावना छ । यस परिघटनाले गत कालमा राजमोले एमसीसीको बिरोध गर्नु केवल आफ्नो महत्व बढाउनका लागि मात्र थियो भन्ने स्पष्ट भएको छ । किनकि पाँच दलीय गठबन्धनबाट निर्वाचन लडेपछि अब राजमोले चुनाव प्रचारका क्रममा एमसीसीलगायत नेपालमा भैरहेका भारतीय र पश्चिमा गतिविधिहरूको बिरोध गर्न पाउने छैन । बिरोध गर्ने प्रयास गरेमा त्यो पाँच दलीय गठबन्धनका बीचमा अस्वभनीय मानिने अवस्था छ ।



> *गठबन्धन बनाए पनि नबनाए पनि आगामी चुनाव एमाले र नेपाली कांग्रेसका बीचको प्रतिष्पर्धा हो । केही विदेशी शक्तिहरूले नेपालमा कुनै पनि पार्टीले बहुमत ल्याउन नसक्ने गरी विभिन्न संसदवादी दलहरूलाई परिचालन गरेको पनि देखिन्छ । पार्टीहरूलाई आपसमा मिल्न नदिएर नेपालको राजनीति धमिलो बनाउने र धमिलो पानीमा माछा मार्ने विदेशीहरूको नीति कायम नै रहेको प्रष्ट छ ।*

पाँच दलीय गठबन्धनमा रहेपनि जसपासमेत कतिपय अवस्थामा ठूला दलको उपेक्षाको शिकार हुने गरेको छ । त्यसैले होला उसले सो गठबन्धनमा आफ्नो सम्मानजनक स्थान खोजेको देखिएको छ । त्यस्तै अवस्था परेको खण्डमा आगामी वैशाख ३० गतेको निर्वाचनसम्ममा सो समूह पाँच दलीय गठबन्धनबाटै अलग हुनसक्ने सम्भावनाहरू पनि रहेका छन् । यसरी माओवादी केन्द्र र एकीकृत समाजवादीको जोड बलमा केन्द्रमा पाँच दलीय गठबन्धन बनाए पनि त्यहाँ सहभागी सबै पार्टीका बीचमा राम्रो मेल हुन सकेको छैन । जहाँ स्वार्थ र दाउपेचको खेल पनि भैरहेको छ । पाँच दलको चुनावी घोषणापत्र र चुनाव परिचालन समिति अलग-अलग भएका कारण उनीहरूकै बीचमा चुनावी मैदानमा भिडन्त हुनसक्ने सम्भावनाहरू पनि प्रबल रहेका छन् । घोषणापत्रहरूमा दलहरूले एकअर्काको आलोचनासमेत गर्न नपाउने अवस्था छ । घोषणापत्रमा आफ्नो पार्टीको विचार, मूल्य र मान्यता स्वतन्त्ररूपमा राख्न नपाउने भएपछि पाँच दलीय गठबन्धनका विभिन्न घटकहरूको चुनावी घोषणापत्र महत्वहीन हुने निश्चित छ । वास्तवमा नेपाली कांग्रेसबिना चुनाव लड्न नसक्ने दलहरूले उसैको चुनावी घोषणापत्रलाई मानेको भए पनि फरक पर्ने कुरा केही पनि थिएन । किनकि राजनीतिक हिसावले पनि पाँच दलीय गठबन्धनका सबै घटकहरू एकै ड्याङका हुन् ।

यस पटकको निर्वाचनमा एमाले र पाँच दलीय गठबन्धनका कुनै पनि घटकहरूले विचारको बहसलाई भन्दा पनि आपसी गालि गलौजलाई प्रमुखता दिएको देखिएको छ । त्यो भनेको उनीहरूसँग कुनै पनि वैचारिक प्रतिबद्धता छैन भन्ने नै हो । विचारबिहीन राजनीतिक पार्टीहरूको ध्येय जसरी पनि जालझेल गरेर सत्ता र शक्तिमा पुग्ने तथा त्यहाँ पुगेपछि व्यक्तिगत लाभ हाँसिल गर्ने भन्ने नै हुन्छ । वास्तवमा संसदीय राजनीतिक प्रणालीको विशेषता भनेको पनि त्यही नै हो । कस्तो भैदियो भने नेपालमा दर्जन बढी कम्युनिष्ट पार्टीहरू रहेका छन् । निर्वाचन आयोगमा निर्वाचनको प्रयोजनका लागि दर्ता भएका दलहरूमा नामका हिसाबले कम्युनिष्ट पार्टीहरूको संख्या १० भन्दा बढी रहेको छ । तर, कुनै पनि कम्युनिष्ट पार्टीहरूका बीचमा चुनावी तालमेल भैरहेको छैन । चुनावमा उठ्ने तयारीमा रहेका कम्युनिष्ट पार्टीहरूले कमसेकम राष्ट्र, राष्ट्रियता र राष्ट्रिय अखण्डताका विषयमा सबै एकमत लिएर निर्वाचनमा जानेबारेमा छफल चलाउन सक्नुपर्दथ्यो । माओवादी केन्द्र र एमाले मात्र नभएर नेपाली कांग्रेससँग मिलेर निर्वाचनमा जान लागेको राष्ट्रिय जनमोर्चाले समेत एमसीसी बिरोधी अन्य कम्युनिष्ट पार्टीहरूसँग चुनावमा सहयोगका लागि आग्रह गर्न सकिरहेको छैन । आगामी निर्वाचन भनेको मुख्यत: निर्वाचनमा भाग लिने र नलिने राजनीतिक शक्तिहरूका बीचको जनमत संग्रह हो । दोस्रो गठबन्धन बनाए पनि नबनाए पनि एमाले र नेपाली कांग्रेसका बीचको प्रतिष्पर्धा हो । बुझ्नुपर्ने कुरा के पनि छ भने केही विदेशी शक्तिहरूले नेपालमा कुनै पनि पार्टीले बहुमत ल्याउन नसक्ने गरी विभिन्न संसदवादी दलहरूलाई परिचालन गरेका छन् । पार्टीहरूलाई आपसमा मिल्न नदिएर नेपालको राजनीति धमिलो बनाउने र धमिलो पानीमा माछा मार्ने विदेशीहरूको नीति कायम नै रहेको छ । विश्व साम्राज्यवादले नेपालमा मात्र नभएर विश्वमै फुटाउ र शासन गर भन्ने नीतिलाई अवलम्बन गर्दै आएको छ । त्यो साम्राज्यवादीहरूको घोषित नीति नै हो ।

भारतीय शक्तिको आशीर्वाद लिनका लागि हालै प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा माओवादी केन्द्र र एकीकृत समाजवादीलगायतका पार्टीका प्रतिनिधिले दिल्लीमा भारतीय जनता पार्टीको कार्यालयमा गएर भलाकुसारी गरेको घटना पनि स्मरणीय छ । माओवादी केन्द्रले एमालेलाई सो पार्टीका विभिन्न नेताहरूलाई उचालेर अलग थलग पार्ने प्रयास गर्नु र नेपाली कांग्रेसलाई एक्लै चुनावमा भाग लिन नदिनु पनि यसको ताजा उदाहरण हो । यसले पछिल्लो राजनीतिक अवस्था कता तिर लान खोजिँदै छ भन्ने पनि स्पष्ट गर्दछ ।

## सामाजिक सञ्जाल



**- गोविन्दकुमार थापा**

अहिलेसम्मको घटनाक्रमलाई आकंलन गर्दा गठबन्धन तोडिएन भने कांग्रेसले कांग्रेसलाई नै हराउने देखिन्छ । त्यसो हुँदा त्यो भूमरीमा हिजोको ज्यादती र तातो एमसीसीले कक्रेको वाम कलंक माके र कुण्ठाले उछिट्टिएको फिस्टो एस कता बढारिन्छन्, सायद दुर्लभ होला । त्यस पछाडि अवशेष भेटिन्न पनि ।



**- अंकला बराम**

पैसा, पद र पावरको चरम दुरूपयोग को कारण कयौं मुद्दाहरू उल्टिने, सुल्टिने, बदलिने, बलात्कारीले संरक्षण पाउने, हत्या हिंसाले टेवा पाउने जस्ता दिनहुँ आउने घटना हुन । कसैको आड र दबाबमा बयान बदल्नु खासै नौलो लागेन । पीडित र गरिबले न्याय पाउलान् भन्ने आश पनि त थिएन नी ।



**- खगोल गौतम**

बाच्नु मात्रै पर्छ के-के देख्न पाइन्छ । गठबन्धनसँग एक्लै चुनाव लडेर ७० प्रतिसत स्थानमा जित्छु भन्ने बाले तनहुँमा गोविन्दराज जोशी पुत्रसँग पनि गठबन्धन गरिसकेछन । भ्रष्टचारीको अनुहारै हेर्दिन भन्नेले चुम्माचाटी नै गरेछन् । अब यिनले चुनावसम्म बालेन, मुकुन्देलगायत सबैसँग गठबन्धन गर्छन् ।



**- हरिचन्द्र पाण्डे**

जसको बयानको आधारमा पललाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिइएको थियो । उसैले करकाप र जबरजस्ती कागजपत्रमा हस्ताक्षर गर्न लगाएको भन्दै बलात्कार नभएको भनि बयान दिइन अर्थात् बयान फेरिन् रे ! अब डर धम्कि दिई प्रभावमा पारियो भन्दै उफ्रिन शुरू होला ।



**- किशोर नेपाल**

जब मिडिया उपदेशक बन्दछ मिडियाका साहूहरू दंग पर्दछन् । मिडियाका केही नयाँ पुराना साहूहरू मिडिया मोनिटरिंगमा लगानी गर्दैछन् भने आश्चर्य मान्नु पर्दैन । प्राइम, ग्यालेक्सी, हिमालय एकै भएपछि दिलभूषण पनि त समान भयो । वाह ! क्या विशेष सम्पादकीय !

# कम्युनिष्ट र शुभेच्छा–शुभकामना

विचार



● सरस्वती महरा

शब्दहरू आफैमा आदर्शवादी हुँदैनन् । शब्दहरू आफैमा प्रत्ययवादी र अध्यात्मवादी पनि हुँदैनन् । भौतिकवादीहरूले भाव वा आदर्शको विरोध गर्ने हुँदैनन् । व्यावहार शुन्य भाव, व्यवहार निरपेक्ष भाव वा आदर्शको मात्रै विरोध गर्ने हुन् । जीवनका भाव अनि आदर्श जस्ता शब्दहरुले जीवनलाई सुन्दर बनाउने इच्छा, आकांक्षा, महत्वाकांक्षा र स्वप्नहरूलाई व्यक्त गर्ने हुन् । ती जीवनको अस्तित्वसँग जोडिएका जीवनका भावहरू हुन् र जीवनको अस्तित्व रहुञ्जेल ती पनि रहन्छन् । त्यसो र भौतिक जीवनको यथार्थ अस्तित्वले, भाव, आदर्श र मानवीय जिजिविर्षाका ठोस रुपमा अभिव्यक्त हुँदा उक्त मनशाय र आशयहरूले शुभकामना, शुभेच्छा, हार्दिक कामना र हार्दिकता जस्ता शब्दहरू पनि मानवजीवन र अस्तित्वमा आउनु स्वाभाविक नै हुन्छ । त्यसो र भौतिकवादीहरू पनि शुभकामना दिन्छन्, शुभेच्छा दिन्छन् । श्रद्धा र आदर्शका पनि कुराहरु गर्छन् । तथापि ती भाव र आदर्शहरू भने व्यवहार सम्मत र सापेक्ष हुनुपर्दछ भन्ने कुरालाई पनि मान्दछन् । व्यवहार निरपेक्ष आदर्श र आदर्शलाई औपचारिक रूपमा मात्रै मान्ने/बुझ्ने कुराको भने मार्क्सवादीहरू विरोध गर्छन् ।

मार्क्सवादी आदर्शको कुरा गर्ने हो भने, मार्क्सवादी विचार दृष्टिकोण र साम्यवाद पनि आदर्श हो । मार्क्सवादी विचार दृष्टिकोणलाई पूर्वाग्रह विहिन भएर आदर सम्मान र श्रद्धा गर्ने कुरा आदर्श हो । सम्भावित भविष्यमा साकार हुन सक्छ भनिने मानवीय मुक्तिको आकांक्षा जनित साम्यवादको स्वप्न-आकांक्षा पनि आदर्श नै हो । त्यसो हुँदा मार्क्सवादीहरूले आदर्शलाई मान्दैनन् भन्ने होइन, बरू व्यवहारिक र अनौपचारिकरूपले, यथार्थ अनि ठोस रूपले आदर्शलाई मान्नेहरू नै मार्क्सवादीहरू हुन् । यसो र व्यवहार सापेक्ष आदर्शलाई मान्ने मार्क्सवादीहरू नै द्वन्दवादी हुन् आदर्शवादी होइनन् । व्यवहार शुन्य, निरपेक्ष आदर्शलाई मात्र मान्नेहरू बरू आदर्शवादी हुन् र भौतिकवाद विरोधी आदर्शवादलाई मान्नेहरू नै आध्यात्मवादी पनि हुन् ।

> *मार्क्सवादीहरूले आदर्शलाई मान्दैनन् भन्ने होइन, बरू व्यवहारिक र अनौपचारिक रूपले, यथार्थ अनि ठोसरूपले आदर्शलाई मान्नेहरू नै मार्क्सवादीहरू हुन् । व्यवहार सापेक्ष आदर्शलाई मान्ने मार्क्सवादीहरू नै द्वन्दवादी हुन् तर, आदर्शवादी होइनन् ।*

नयाँ वर्ष जहिले पनि भाव रहित, आदर्श रहित औपचारिक मात्रै हुने गरेकोमा जनमानस सहित लेखक साहित्यकार, कविहरूको व्यापक असन्तुष्टि रहेको र विद्रोहका स्वरहरु प्रस्फुटित हुने काव्यिक अभिव्यक्ति साँचो हो । यद्यपि ती सबै विद्रोह र असन्तुष्टिहरूको मुल आशयमा भने नयाँ वर्ष नयाँ आशयको व्यवहारसहितको हुनुपर्दछ भन्ने कुरा पनि साँचो हो । नयाँ वर्षबारे नेपाली कविहरूलगायत भूपिको दमदार कविता पनि तिनै आशयहरूलाई व्यक्त गर्न काफी छ ।

मार्क्सवादी दृष्टिकोणबाट व्यवहारलाई बुझ्ने र त्यसरी नै दृष्टिकोण र आदर्शलाई फेरि व्यवहारको सापेक्षतामा बुझ्ने, द्वन्दवादी अंतोनियो ग्राम्शीले नयाँ वर्षलाई पनि त्यसरी नै बुझेका थिए भन्ने लाग्दछ । पूँजीवादी आर्थिक संकट र विघटनको मारमा तीव्र गतिले सांस्कृतिकरूपले दुर्घटित र विघटित भइरहेको मानवीय अर्थवत्ता, मूल्यबोधलाई लिएर ग्राम्शी सचेत र चिन्तित देखिन्थे । यिनै परिप्रेक्ष्यमा, नयाँ वर्षलाई जीवनको अर्थरहित मुल्यरहित, व्यवहार निरपेक्ष भावशुन्य आदर्श रहित औपचारिकरूपमा मात्र मनाउने कुराको उनी तीव्र विरोधी थिए । मान्छेले औपचारीक र निस्सार रुपले नयाँ वर्ष मनाउने होइन कि नयाँ वर्ष बरू हरेक दिन हरेक क्षण आफ्नो जीवनको मानवीय सन्दर्भ, अर्थ, मुल्य, गरिमा र महत्वबोध गर्दै अर्थपूर्ण मानवीय सारसहित बाँच्नु पर्दछ भन्ने पक्षमा ग्राम्शी शशक्त देखिन्थे ।

त्यसो र भौतिकवादी द्वन्दवादी दृष्टिकोणको सापेक्षमा नयाँ वर्षलाई मनाउने सन्दर्भमा ग्राम्शी, नयाँ वर्षको शुभेच्छा र शुभकामना दिने कि नदिने भन्ने कुरामा होइन कि बरू उनको मुल आशय मार्क्सवादी भौतिकवादी द्वन्दवादी दृष्टिकोणले चीजहरूलाई कसरी हेर्ने, बुझ्ने भन्ने कुरासँग बढी सम्बद्ध रहेको र त्यसैमा बढी चिन्तित र केन्द्रित रहेको बुझिन्छ । नयाँ वर्षको सन्दर्भको सार त्यसैले, नयाँ वर्षलाई आदर्शवादी ढंगले बुझ्ने र नयाँ वर्षको शुभेच्छा र शुभकामना दिने कुरामा यथार्थवादी, मार्क्सवादी, द्वन्दवादी दृष्टिकोणले जीवनबोध र जीवनमुल्य बारेको यथार्थ दृष्टिकोण, अनुभुति र बोधलाई कसरी बुझ्ने वा अनुभुत गर्ने भन्ने सन्दर्भसित मुल रूपले सम्बद्ध रहेको बुझ्नुपर्दछ ।

# गाउँपालिकाका उपप्रमुखसहित ९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

**काठमाडौं/मस**–अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सप्तरीको बलान बिगुल गाउँपालिकाका उपप्रमुखसहित ९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आयोगले बलान बिगुल गाउँपालिकाका उपप्रमुख रुवी गुप्ता, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत महेश कुमार यादव, तत्कालीन योजना शाखा प्रमुख रमेश मरीक यादव, तत्कालीन प्राविधिक शाखा प्रमुख सब-इन्जिनियर सन्तोष कुमार रजक र तत्कालीन सह-लेखापाल सुभाष चन्द्र लालविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो ।




उनीहरुले वडा कार्यालय भवन निर्माण भएभन्दा नापी किताबमा बढी देखाई भुक्तानीको लागि कागजात पेश गरी १० लाख ५ हजार ४९७ रुपैयाँ भ्रष्टाचार गरेको भन्दै अख्तियारले सोही बराबरको बिगो दाबी गरेको छ ।

**तत्कालिन गाविस सचिवसहित पाँच जनाविरुद्ध भ्रष्टाचार मुद्दा**

यसैबीच आयोगले अर्घाखाँचीको ठाडाका तत्कालिन गाविस सचिवसहित पाँच जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

अख्तियारले आइतबार अर्घाखाँचीको साविक ठाडा गाविस वडा नम्बर १ का तत्कालिन गाविस सचिव हिमबहादुर भाट, सब-इन्जिनियर तिल बहादुर राना, ज्योती बहुमुखी क्याम्पसको क्याम्पस भवन निर्माण उपभोक्ता समितिका तत्कालीन अध्यक्ष राम प्रसाद बेल्बासे, उपाध्यक्ष यमेन्द्र पौडेल र सचिव माधव प्रसाद श्रेष्ठविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

अख्तियारका प्रवक्ता श्याम प्रसाद भण्डारीका अनुसार उनीहरुले शितगंगा नगरपालिका वडा नम्बर ३ स्थित ज्योति बहुमुखी क्याम्पसका लागि साविक ठाडा गाउँ विकास समिति र जिल्ला विकास समितिको कार्यालयबाट क्याम्पसको भवन तथा सडक निर्माणको लागि विनियोजन भएको दुई लाख सतहत्तर हजार पाँच सय एकाउन्न रुपैयाँ हिनामिना गरेको आरोप छ ।

अख्तियारले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) तथा ऐनको दफा १९ बमोजिम सोही बराबरको रकम माग दावी गर्दै विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो ।

**बीस हजार घुससहित खरिदार पक्राउ**

मालपोत कार्यालय टोखा काठमाडौंका खरिदार विनोद तिवारी घुस रकमसहित पक्राउ परेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले उनलाई बीस हजार रुपैयाँ घुस रकमसहित आइतबार कार्यकक्षबाटै पक्राउ गरेको हो ।

अख्तियारका प्रवक्ता श्याम प्रसाद भण्डारीका अनुसार मुद्दा फाँटमा कार्यरत खरिदार तिवारीले जग्गा नामसारी गरी जग्गा धनी पूर्जा बनाउने कामका लागि सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग २० हजार रुपैयाँ मागेका थिए ।


## कुवेतमा रोजगारको अवसर | कम्पनी: TURKIANA GEN SERVICE CO. शहर: KUWAIT

पुर्व स्वीकृत मितिः २०७८/१२/३० चलानी नं.: ६०१७७९४६ LT. No.: 261693

